नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

मितिः २०७८/१०/२४

## प्रेस विज्ञप्ती

**राजस्व अनुसन्धान कार्यालय ईटहरीबाट निम्न विवरण सहितको राजस्व चुहावटसम्बन्धी मुद्दा उच्च अदालत विराटनगर, मोरङमा मिति २०७८।१०।२० गते दायर गरिएको ।**

१. **अभियुक्तको विवरणः**

**क.** जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं १० बस्ने वर्ष ६७ का **उत्तम कुमार ताम्राकार** (सूर्य मेटल इण्डष्ट्रिज प्रा.लि., धरानका अध्यक्ष)

**ख.** जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं २ बस्ने वर्ष ७३ का **चन्द्रेशवरी ताम्राकार** ( ऐ प्रा.लि.का सञ्चालक)

**ग.** जिल्ला सुनसरी धरान उपमहानगरपालिका वडा नं ५ बस्ने वर्ष ४३ का **अनुप ताम्राकार** (ऐ प्रा.लि.का संचालक)

**घ.** जिल्ला सुनसरी ईटहरी उपमहानगरपालिका वडा नं ६ बस्ने वर्ष ६६ का **निर्मल कुमार ताम्राकार** (ऐ प्रा.लि.का संचालक)

२. **कसुरको संक्षिप्त विवरणः**

उक्त प्रा.लि.ले विना विल वीजक/गैह्र कर वीजकबाट मालवस्तुहरुको कारोबार गरी प्रचलित मुल्य अभिबृद्धि कर ऐन तथा आयकर ऐन, नियमहरु बमोजिम तिर्नुपर्ने कर नतिरी राजस्व चुहावटको कार्य गरेको ।

३. **कायम भएको विगो र सजायको मागदावीः**

राजस्व अनुसन्धान (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन २०५२ को दफा ३ ले निषेधित सोही ऐनको दफा ४ (क) र (झ) बमोजिमको कसुर गरेको देखिन आएकोले सोही ऐनको दफा २(छ१) वमोजिम हुन आउने **मु.अ.कर तर्फ रु. ८,५३,२०,२०३।- र आयकर तर्फ रु. ३,६६,२०,४४०।-** समेत गरी जम्मा हुन आउने कुल विगो रु. **१२,१९,४०,६४३।०० (अक्षरुपी बार करोड उन्नाइस लाख चालीस हजार छ सय त्रीचालीस रुपैयाँ मात्र)** राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०५२ को दफा २३(१) बमोजिम निजहरुबाट विगो असुल गरी सोही ऐनको दफा २३(१) बमोजिम कायम भएको विगोको शत प्रतिशत जरिवाना तथा दफा २३(१) र (२) बमोजिम जरिवाना र हदैसम्मको कैद सजायको मागदावी गरी उच्च अदालत विराटनगर, मोरङमा अभियोग पत्र दायर गरिएको छ ।

| सि.नं. | प्रतिवादीहरु | विगो | सजाय हुने विगो | सजायको माग दावी |
|---|---|---|---|---|
| १<br>२<br>३<br>४ | उत्तम कुमार ताम्राकार<br>चन्द्रेशवरी ताम्राकार<br>अनुप ताम्राकार<br>निर्मल कुमार ताम्राकार | १२,१९,४०,६४३।- | १२,१९,४०,६४३।- | २४,३८,८१,२८६।- |

सूचना अधिकारी
राजस्व अनुसन्धान विभाग